मितिः २०६६।११।१०

श्री स्थानीय विकास अधिकारीज्यू,
जिल्ला विकास समितिको कार्यालय
सबै ।

विषयः **सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा चालु आ.व.२०६६।६७ मा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सहयोगमा १६४९ गाउँ विकास समितिहरुमा Transformation Approach मा आधारित सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गरी आम नागरिकलाई सशक्तिकरण गर्ने प्रयोजनको लागि बजेट तथा अख्तियारी पठाइसकिएको छ । यस मन्त्रालयको मिति २०६६/१०/१३ को निर्णयबाट यस सम्बन्धी निर्देशिका स्वीकृत भइसकेको छ । स्वीकृत निर्देशिकाहरु सबै जिल्ला विकास समितिहरुमा अविलम्ब उपलब्ध गराइने छ । स्थानीय शासनको सुदृढिकरणको निमित सामाजिक परिचालन कार्यक्रमलाई तदारुकताकासाथ संचालन गर्नु पर्ने भएकोले तपसिल बमोजिम गर्नु गराउनु हुन नेपाल सरकार स्थानीय विकास मन्त्रालय (माननीय मन्त्रीस्तर) को निर्णयानुसार अनुरोध गरिन्छ । यस सम्बन्धी थप जानकारी स्थानीय विकास मन्त्रालय नगरपालिका व्यवस्था शाखा वा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको कार्यक्रम समन्वय इकाइबाट प्राप्त गर्न सकिने व्यहोरा समेत अनुरोध छ । साथै सामाजिक परिचालन लागू गरिएको गा.वि.स.मा संचालित योजनाहरुका उपभोक्ता समिति गठन गर्दा सामाजिक परिचालन मार्फत मात्र गर्नुहुन समेत अनुरोध छ ।

१. जिल्ला सामाजिक परिचालन समिति गठन :-

(क) जिल्लामा सामाजिक परिचालन सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्नको निम्ति स्थानीय विकास अधिकारीको अध्यक्षतामा देहायका सदस्यहरु रहेको जिल्ला सामाजिक परिचालन समिति गठन गर्ने ।

| | | |
|---|---|---|
| १) | स्थानीय विकास अधिकारी | अध्यक्ष |
| २) | जिल्लास्थित गा.वि.स. महासंघको प्रतिनिधि | सदस्य |
| ३) | जिल्लास्थित न.पा. संघको प्रतिनिधि | सदस्य |
| ४) | जिल्ला विकास समितिको लैङ्गिक मूलप्रवाहीकरणको सम्पर्क व्यक्ति | सदस्य |
| ५) | महिला विकास कार्यालयका प्रमुख/प्रतिनिधि | सदस्य |
| ६) | जिल्लास्थित बालक्लब संजालका प्रतिनिधि १ जना | सदस्य |
| ७) | जिल्लास्थित आदिवासी/जनजाति उत्थान समन्वय समितिका प्रतिनिधि | सदस्य |
| ८) | जिल्लास्थित दलित वर्ग उत्थान समन्वय समितिको प्रतिनिधि | सदस्य |
| ९) | जिल्ला सहजकर्ता (LGCDP) | सदस्य सचिव |

(ख) जिल्ला सामाजिक परिचालन समितिबाट देहायका कार्यक्रमहरु सम्पादन गर्ने

→ पारदर्शी तथा प्रतिस्पर्धात्मक प्रक्रिया मार्फत सामाजिक परिचालन सम्बन्धी स्थानीय सेवा प्रदायकहरुको छनौट गरी गा.वि.स.मा सामाजिक परिचालन संचालन गर्ने

→ जिल्लाका सामाजिक परिचालन सम्बन्धी क्रियाकलापमा सामञ्जस्यता ल्याउन सामाजिक परिचालनमा संलग्न अन्य निकायहरुसंग समन्वय गर्ने

→ स्थानीय सेवा प्रदायकहरुबाट सम्पादित सामाजिक परिचालन कार्यहरुको नियमित रुपमा अनुगमन मूल्यांकन गरी आवश्यक पृष्ठपोषण दिने

→ सामाजिक परिचालन सम्बन्धमा वित्तीय परिचालन, कोष स्थापना, तथा कोषको व्यवस्थापन सम्बन्धमा अन्य निकायहरुसंग सहयोग र समन्वय गर्ने

→ सामाजिक परिचालन सम्बन्धमा भएका प्रगतिहरुको प्रतिवेदन सम्बन्धित स्थानीय निकाय र स्थानीय शासन तथा सामुदायिक कार्यक्रमको Cluster Coordination Office मा जानकारी पठाउने

→ जिल्लामा सामाजिक परिचालन कार्यक्रम कार्यान्वयनको लागि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट उपलब्ध गराइएको रकम स्थानीय सेवा प्रदायकलाई समयमै उपलब्ध गराई सुनिश्चितता प्रदान गर्ने

→ जिल्लामा सामाजिक परिचालन कार्यमा संलग्न निकायहरुको तथ्यांक संकलन गरी Social mobilization agencies mapping तयार गर्ने

→ स्थानीय सेवा प्रदायकबाट सामाजिक परिचालकहरुको छनोट सम्बन्धमा गरिएको प्रक्रियाको अवलोकन गर्ने

→ जि.वि.स. तथा जिल्लास्थित अन्य सम्पूर्ण निकायबाट गरिएका जिल्लाका सामाजिक परिचालन सम्बन्धी सम्पूर्ण कार्यहरुको नेतृत्व लिई जिल्लास्तरमा सामाजिक परिचालनको सिंहावलोकन गर्ने

(२) सामाजिक परिचालनका निम्ति स्थानीय सेवा प्रदायकको छनोट गर्ने

स्थानीय निकाय आ.प. नियमावली, २०६४ बमोजिम जिल्लामा प्रतिस्पर्धाको आधारमा सामाजिक परिचालन सेवा प्रदान गर्ने उद्धेश्यले स्थानीय सेवा प्रदायकको छनौट गर्दा निम्नानुसार गर्ने

(क) सेवा प्रदायकको छनौट गर्दा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम रित पुऱ्याई उपलब्ध भएसम्म स्थानीय पत्रपत्रिका तथा एफ.एम. मार्फत सूचना प्रदान/प्रकाशन गर्ने

(ख) सेवा प्रदायकको रुपमा स्थानीय स्तरमा कार्यरत गै.स.स.हरु, स्थानीय विकास कोष, नगर विकास कोष, परामर्श दातृ संस्थाहरु, विधिवत तरिकाले दर्ता भै नियमित रुपमा नविकरण भएका समुदायमा आधारित संस्थाहरु (Community Based Organization) लाई प्रतिस्पर्धा भाग लिन पाउने व्यवस्था गर्ने ।

(३) सामाजिक परिचालनमा स्थानीय सेवा प्रदायकको प्राविधिक प्रस्तावको छनोट गर्दा देहायका आधारहरुलाई मूल्यांकनमा समावेश गर्ने

(क) स्थानीय शासन तथा सामाजिक परिचालन सम्बन्धमा अनुभव

(ख) दुर्गम तथा पिछडिएका क्षेत्रमा विकास कार्य गरेको संस्थागत अनुभव
(ग) सामाजिक परिचालनको रुपान्तरण विधि (Transformation approach) सम्बन्धी कार्यानुभव
(घ) गरिव, पिछडिएको क्षेत्र तथा वर्गको उत्थानको निम्ति संस्थागत प्रतिवद्धता

(४) स्थानीय सेवा प्रदायक छनौट गर्दा एउटा सेवा प्रदायकले घटीमा ४ गा.वि.स. र बढीमा ६ गा.वि.स. मात्र सामाजिक परिचालनको सेवा प्रदान गर्न पाउने व्यवस्था मिलाउने छ। स्थानीय सेवा प्रदायकसंग सम्झौता गर्दा शुरुमा आ.ब. २०६६/६७ को लागि गर्नु पर्ने छ र ती सेवा प्रदायकहरुको कार्यसम्पादन मूल्याङ्कन गरी कार्य सम्पादन सन्तोषजनक भएको खण्डमा प्रत्येक वर्ष सम्झौता नविकरण गर्न सकिनेछ।

(५) सेवा प्रदायकले गर्नु पर्ने कार्यहरु :-

सेवा प्रदायकहरुले देहायका कार्यविधि अर्न्तगत रही कार्य सम्पादन गनुपर्नेछ।

सामाजिक परिचालकको छनोट :

(क) सेवा प्रदायकले सामाजिक परिचालन कार्य सामाजिक परिचालक मार्फत गर्नु पर्ने छ।

- → एक गा.वि.स.को निम्ति एक जना सामाजिक परिचालन हुनेछ।
- → सामाजिक परिचालकको योग्यता प्रमाणपत्र तह पास गरेको हुनु पर्ने तर कुनै गा.वि.स.मा प्रमाणपत्र पास गरेका उम्मेदवार नभएमा जिल्ला सामाजिक परिचालन समितिको निर्णयानुसार कक्षा दश उत्तिर्ण गरेकाबाट छनोट गर्न सकिने छ। सामाजिक परिचालन छनोट गर्दा दलित, पिछडिएका जनजाति, महिला, गरिव, बेरोजगार आदि सिमान्तीर्थ वर्गलाई प्राथमिकता दिनु पर्ने छ।
- → सामाजिक परिचालकको न्यूनतम उमेर २१ बर्ष पुगेको हुन पर्ने छ
- → संबन्धित गा.वि.स.मा तोकिएको योग्यता र उमेरका सामाजिक परिचालक उपलब्ध नभएमा सो गा.वि.स.संग सीमा जोडिएका गाविसबाट माथि उल्लेखित आधारमा छनोट गर्न सकिने छ।
- → स्थानीय सेवा प्रदायकले केन्द्रिय सेवा प्रदायकबाट सामाजिक परिचालन प्रशिक्षक प्रशिक्षण तालिम लिई सकेपछि आफ्ना सामाजिक परिचालनहरु लाई सो सम्बन्धि तालिम दिनु पर्नेछ।
- → स्थानीय सेवा प्रदायकले सामाजिक परिचालक छनोट गर्दा स्थानीय पत्र-पत्रिका तथा सार्वजनिक संचार माध्यमबाट सूचना प्रकाशन गरी लिखित तथा अन्तरवार्ताबाट छनोट गर्नु पर्नेछ।

(६) सामाजिक परिचालनको लागि उपलब्ध गराइने रकमबाट लागत अनुमान तयार गर्दा जिल्ला विकास समितिबाट देहायका आधार मानि गर्नु पर्नेछ :-

→ कूल बजेटको ६५% रकम सामाजिक परिचालनको पारिश्रमिक र स्थानीय सेवा प्रदायकको प्रशासनिक खर्चमा प्रयोग गर्ने

→ सामाजिक परिचालकको पारिश्रमिक लागत अनुमान तयार गर्दा मासिक ७०००।- प्रतिमहिना ( सबै सुविधासहित) लाई आधार मान्ने ।

→ स्थानीय सेवा प्रदायक र सामाजिक परिचालकको दैनिक भ्रमण भत्ताको निमित्त कूल बजेटको ५% विनियोजन गर्ने

→ नागरिक सचेतना केन्द्रको लागि २०% विनियोजन गर्ने

→ तथ्यांक संकलन तथा विश्लेषणका लागी १० % विनियोजन गर्ने

जिल्ला सामाजिक परिचालन समितिले जिल्लामा उपलब्ध अन्य श्रोतको आधारमा माथि उल्लेखित शिर्षकमा थप रकम व्यवस्था गर्न सक्नेछ

(७) सम्पूरक कोष

जिविस तथा गाविसहरुले जिल्लामा सामाजिक परिचालन कार्यको लागि जिल्ला विकास कोष (DDF) अन्तरगत सामाजिक परिचालन कोष खडागरी सामाजिक परिचालन कार्यमा प्राप्त रकम सो कोषमा जम्मा गर्नु पर्नेछ । सो कोषमा जिविस तथा गाविसको आफ्नो श्रोतबाट पनि सम्पूरक रकम जम्मा गर्नु पर्नेछ ।

(८) नागरिक सचेतना केन्द्र :-

सामाजिक परिचालन कार्यक्रम संचालन भएको प्रत्येक गाउँ विकास समितिमा स्थानीय सेवा प्रदायकले सामाजिक परिचालक मार्फत गाविसका दलित, पिछडिएका वर्ग, महिला, अपाङ्ग, आदि वञ्चितीमा परेका समुहहरुलाई समावेश गरी गाविसको सिमान्तीकृत वस्तीमा कम्तिमा एक नागरिक सचेतना केन्द्र स्थापना गर्ने गरी गाउँका विभिन्न समस्याहरु, त्यसका समाधान आदिबारे REFLECT कक्षा मार्फत सचेत गराउनु पर्ने छ । केन्द्रले प्रत्येक १५/१५ दिनमा स्थानीय स्तरका विकास संबन्धी समस्याहरुको बारेमा बहस, पैरवी छलफल गर्नु पर्नेछ ।

(९) बडा नागरिक मञ्च

स्थानीय शासन तथा स्थानीय योजना तर्जुमा प्रक्रिया, अनुगमन तथा मूल्यांकन कार्यमा आम नागरिकको पहुँचको लागि स्थानीय सेवा प्रदायकले सामाजिक परिचालक मार्फत् संवन्धित गाविसको उपयुक्त स्थानमा स्थानीय (वडा) तहमा रहेका सामुदायिक संस्थाहरुका महिला, दलित, आदिवासी जनजाति, पिछडिएको वर्ग आदिलाई समावेश गरी एक वडा नागरिक मञ्च खडा गर्नु पर्नेछ । सो मञ्चले विकास संबन्धी बहस पैरवी गरी सहभागितामुलक योजना तर्जुमा प्रक्रियालाई सहयोग गर्नुको साथै छनौट भएका आयोजनाहरु गाविसको एकीकृत योजना तर्जुमा समितिमा पठाउने छ ।

(१०) उपर्युक्त बमोजिमका कार्यहरु यथाशिघ्र सम्पादन गरी सो को प्रगति प्रतिवेदन क्लष्टर इकाई मार्फत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम समन्वय इकाइमा पठाउनु पर्नेछ ।

(११) सामाजिक परिचालकको कार्य जिम्मेवारी

सामाजिक परिचालकले देहायका कार्यहरु सम्पादन गर्नुपर्नेछ ।

(क) समुदायलाई स्थानीय विकास लगायत सरकारी निकायहरुको योजना तर्जुमा र कार्यान्वयन, स्रोत विनियोजन र अनुगमन प्रक्रियाहरुमा सक्रिय रुपमा संलग्न गर्न मदत गर्ने ।

(ख) आफ्नो गाविसमा स्थानीय निकायहरुबाट संचालित विकास कार्यक्रमहरुको उपभोक्ता समिति गठन गर्न सहजीकरण गर्ने

(ग) आफ्नो गाविसमा संचालित सम्पूर्ण विकास कार्यक्रमहरु तोकिएको समय, गुणस्तर एवं लागत अनुसार सम्पादन भए नभएको सम्बन्धमा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रमा छलफल गर्ने गराउने

(घ) आफ्नो गाउँ विकास समिति क्षेत्रभित्र संचालित विकास कार्यक्रमहरुको सार्वजनिक सुनुवाई र सार्वजनिक लेखा परीक्षण गर्न सहजीकरण गर्ने

(ङ) बडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्र स्थापना गर्ने

(च) नागरिकहरुलाई स्थानीय योजना तजुमा प्रक्रियामा संलग्न गराउनका लागि सहजीकराण गर्ने र उनीहरुको क्षमता अभिवृद्धि गर्ने । गरिब र वञ्चित नागरिकहरुको अभिरुचिका विषयहरु स्थानीय स्तरको योजनामा पूर्णतः समायोजित भएको छ भनेर सुनिश्चित गर्ने र लाभहरु समतामूलक रुपमा बाँडिएको छ भनेर सुनिश्चित गर्ने ।

(छ) गरीब, महिला र अन्य सामाजिक रुपमा वञ्चित समूहहरुको विपन्न घरधुरी नक्साङ्कन बाट पहिचान गर्न सहयोग/सहजीकरण गर्ने ।

(ज) आफ्नो गाविसमा संचालित विभिन्न योजना तथा कार्यक्रमको लागत तथा अभिलेख अद्यावधिक गर्ने

(झ) आफ्नो गाविसमा विभिन्न सरकारी, गैह्र सरकारी, अन्तराष्ट्रिय गै.स.स तथा दातृ निकायबाट संचालित कार्यक्रममा भएको खर्च सम्बन्धमा आफ्नो गाविस क्षेत्रमा आम नागरिकलाई बडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रमार्फत छलफल गर्न मद्यत गर्ने, जानकारी गराउने र यदि कुनै अनियमितता एवं भ्रष्टाचार भएको खण्डमा सो को सुचना उपलब्ध गराउने

(ञ) आफ्नो गाविसमा विभिन्न निकायबाट संचालित सबै प्रकारका विकास कार्यक्रमको गुणस्तर मापन गरी तोकिएको गुणस्तर बमोजिम भए नभएको सन्दर्भमा आम नागरिकलाई सचेतना गराउने

(ट) स्थानीय समुदायको आफ्नो वर्तमान स्थिति र आवश्यकताहरुलाई मूल्याङ्कन गर्ने र आवश्यकताहरुको प्राथमिकिकरण गर्ने, क्षमता अभिवृद्धि गर्ने र स्थानीय सरकारी निकायको स्रोतहरुको दिगो प्रगोगका लागि उनीहरुको अनुगमन र मूल्याङ्कन गर्ने क्षमतालाई पनि अभिवृद्धि गर्ने ।

(ठ) सहभागीमूलक ग्रामीण लेखाजोखा विधिहरुको प्रयोग गरेर सामुहिक पहलका साथ बालबालिका, युवा, गरिब र विपन्न समूह सदस्यहरुको विकासका लागि उनीहरुको सक्रिय सहभागितालाई सुनिश्चित गर्ने ।

(ड) गाविसमा रहेका नागरिकका समस्याहरु सम्बन्धित निकायसमक्ष जानकारी गराउने

(ढ) गाउँको विकासको लागि सम्भाव्य श्रोत, अवसर तथा विकल्पहरुको पहिचान गरी नागरिकलाई जानकारी गराउने

(ण) गा.वि.स. योजना तर्जुमा प्रक्रियामा विपन्न समूहहरुका आवश्यकताहरु दर्शाउनका लागि सामाजिक रुपमा समावेशी वडा नागरिक मञ्च र एकीकृत योजना समिति गठन गर्न सहयोग गर्ने र सदस्यहरुलाई सक्रिय रुपमा भाग लिनका लागि सहजीकरण गर्ने ।

(त) जिल्लामा सम्पन्न भएका राम्रा एवं अनुकरणीय कार्यहरुको विभिन्न सार्वजनीक संचार माध्यमबाट प्रचार प्रसार गर्न सहजीकरण गर्ने ।

सोमलाल सुवेदी
राष्ट्रिय कार्यक्रम निर्देशक